म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- १०२ २०८१ फागुन १७ गते शनिबार 1 March 2025, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

साइबर अपराधबाट बचौं ।

- सामाजिक संजालमार्फत कसैको चरित्रहत्या नगरौं
- सामाजिक संजालमार्फत अमर्यादित कार्य नगरौं,
- सामाजिक संजाल मार्फत गालीगौज नगरौं
- सामाजिक संजालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं
- विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौं ।

यस्तो कार्य गर्ने गराउनेलाई कानुनी कारबाही हुन्छ
कानुनी कारबाहीबाट आफू पनि बचौं, र अरुलाई पनि बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

चोर भनी प्रतिकार गर्दा इन्द्रसरोवरमा आफ्नै छोराको मृत्यु

घटना शंकास्पद : प्रहरी, बुबा–आमा प्रहरी निगरानीमा

समाज संवाददाता

हेटौंडा : मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा बिहीबार भएको घटना शंकास्पद देखिएको छ। चोर भनी प्रतिकार गर्दा आफ्नै छोराको मृत्यु भएको छ भने बाबुआमा घाइते भएका छन्। मृत्यु हुनेमा इन्द्रसरोवर गाउँपालिका-३, अदुवाबारीका ३९ वर्षीय भरथकुमार भ्लोन रहेको मकवानपुर प्रहरीले जनाएको छ ।

बिहीबार रातिको समयमा चोरी गर्न आएको भनी मिनबहादुर र उनकी श्रीमती देवीमाया भ्लोनले घरेलु औजारले हिर्काउँदा गम्भीर घाइते भएको भनिएका भरथ कुमारको उपचारको क्रममा भरतपुरस्तिथ सरकारी अस्पतालमा मृत्यु भएको छ । प्रहरीका अनुसार भ्लोनको शुक्रबार दिउँसो पौने २ बजे मृत्यु भएको हो ।

बिहीबार राती घरमा चोरी गर्न आएको भन्दै आक्रमणमा परेर गम्भीर घाइते भएका अज्ञात व्यक्तिलाई हेटौंडामा उपचार हुन नसकेपछि थप उपचारका लागि भरतपुर रिफर गरिएको थियो । चोरी गर्ने उद्देश्यले घरभित्र छिरेका व्यक्तिले घरधनी मिनबहादुर र उनकी श्रीमती देवीमायालाई आँखामा खुर्सानीको धुलो छरेको र देवीमायाले घरेलु औजारले प्रतिकार गर्दा चोरी गर्न आएका भरथकुमार गम्भीर घाइते भएको प्रहरीले जनाएको थियो ।

आक्रमणमा परेर घाइते हुँदै उपचारको क्रममा मृत्यु भएका व्यक्ति मिनबहादुर र देवीमायाकै छोरा भएको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डीएसपी श्यामु अर्यालले जानकारी दिनुभयो । 'चोरी गर्न आएको भनी मिनबहादुर र देवीमायाको आक्रमणबाट घाइते भएका व्यक्तिको सुरुमा परिचय खुलेको थिएन । उनको टाउको, मुख र शरीरको विभिन्न भागमा चोट लागेको थियो । हेटौंडामा उपचार सम्भव नभएपछि थप उपचारका लागि भरतपुर पठाएका थियौं। उपचारको क्रममा उनको मृत्यु भएको हो,' डीएसपी अर्यालले भन्नुभयो, 'पछि मिनबहादुर र देवीमायाकै छोरा भएको पुष्टि भएको हो ।'

प्रहरी प्रवक्ता अर्यालले घटनामा भ्लोन दम्पती पनि घाइते भएको बताउनुभएको छ । उहाँका अनुसार मिनबहादुरको बायाँ हातको औंला र करङको हड्डी तथा देवीमायाको करङको हड्डी भाँचिएको र उपचारका लागि परिवारले काठमाडौं लगेको जानकारी दिनुभयो । घटनाको जानकारी पाए लगतै सिस्नेरी प्रहरी चौकीबाट गएको प्रहरी टोलीले तीनैजनालाई उद्दार गरी उपचारका लागि अस्पताल ल्याएको प्रवक्ता अर्यालको भनाई छ ।

प्रवक्ता अर्यालले सुरुमा आज्ञात भनिएका व्यक्ति भ्लोन दम्पतिको जेठो छोरो पुष्टि भएको र घटना शंकास्पद भएकोले थप अनुसन्धान प्रक्रिया अघि बढाएको बताउनुभयो। 'घरमा बृद्ध दम्पति मात्रै बस्दै आएको स्थानीयले बताएका छन्। भरथकुमार आफ्नै घरमा चोरी गर्न आएको देखिन्छ। बृद्ध दम्पतीको आँखामा खुर्सानीको धुलो छर्केर चोर्ने प्रयास गरेपछि प्रतिकार भएको भन्ने जानकारीमा आएकोले घटना शंकास्पद छ', डीएसपी अर्यालले भन्नुभयो, 'घटनाका विषयमा आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाएका छौं ।' मृतक भरथकुमार काठमाडौं बस्दै आएको र ४ वर्षदेखि घर नआएको स्थानीयले जानकारी दिएको प्रहरी प्रवक्ता अर्यालले बताउनुभयो । प्रवक्ता अर्यालले घटना शंकास्पद भएकोले मृतकका बाबु-आमा दुबैको उपचार प्रहरीको निगरानीमा भइरहेको छ ।

बकैया कला साहित्य महोत्सव सुरु

बकैया कला साहित्य महोत्सवमा रचना वाचन गर्दै एक विद्यार्थी ।

समाज संवाददाता

हेटौँडा : शुक्रबारबाट बकैया गाउँपालिका-५, कर्मचुलीस्थित कर्मप्राप्ति माध्यमिक विद्यालयमा दुई दिने बकैया कला साहित्य महोत्सव सुरु भएको छ । झरना साहित्यिक परिवार मकवानपुरको ३२ औं वार्षिकोत्सव तथा ३१३ औं साहित्य श्रृङ्खलाको अवसरमा महोत्सव सुरु भएको हो ।

झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष विश्वनाथ सञ्जेलको अध्यक्षता तथा बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीको प्रमुख आतिथ्यमा महोत्सव सुरु भएको हो । महोत्सवमा मन्तव्य राख्नुहुँदै उपाध्यक्ष खत्रीले साहित्यिक गतिविधिलाई नजिकबाट नियालिरहेको बाउनुभयो । कला तथा साहित्यलाई अझ विस्तार गर्नुपर्ने उपाध्यक्ष खत्रीले बताउनुभयो । पहिलो दिन बकैया भित्र रहेको विद्यालयका विद्यार्थीबीच कविता प्रतियोगिता भएको झरना साहित्यिक परिवार मकवानपुरका उपाध्यक्ष चिरञ्जीवी लामिछानेले जानकारी दिनुभयो । यस्तै गायन र नृत्य प्रस्तुति, चित्रकला प्रदर्शनी समेत भएको उहाँले बताउनुभयो । प्रतियोगिताको नतिजा भने महोत्सवको दोस्रो दिन शनिबार सार्वजनिक गरिने छ ।

यसैगरी दोस्रो दिन स्रष्टा सम्मान, पत्रिका विमोचन, विभिन्न विधागत रचना वाचन, पालिका अध्यक्षसँग अन्तरक्रिया तथा विशेष सांगीतिक तथा साँस्कृतिक प्रस्तुती रहने उपाध्यक्ष लामिछानेले जानकारी दिनुभयो । महोत्सवमा वरिष्ठ साहित्यकार कपिल लामिछाने, बकैया-५ नम्बर वडाका अध्यक्ष लक्ष्मी जिम्बा, बकैया-६ नम्बर वडाका अध्यक्ष फूलमान भोम्जन लगायतको आतिथ्य रहेको थियो ।

प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट

समूह चरणमा मकवानपुर अपराजित

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश क्रिकेट संघको आयोजनामा सञ्चालन भइरहेको प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगितामा मकवानपुर समूह चरणमा अपराजित रहँदै दोस्रो चरणमा प्रवेश गरेको छ । शुक्रबार चितवनको भरतपुर महानगरपालिका-१५ स्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा भएको समूह चरणको तेस्रो तथा अन्तिम खेलमा मकवानपुरले चितवनलाई ८ रनले हराएको हो । यसअघि मकवानपुरले नुवाकोटलाई १४८ रनले र चितवनलाई नै उद्घाटन खेलमा ७१ रनले पराजित गरेको थियो ।

टस हारेर पहिले ब्याटिङ गरेको मकवानपुरले ४३ ओभरमा सबै विकेटको क्षतिमा २ सय ३६ रन बनाएको थियो । मकवानपुरका शुभ कंशाकारले सर्वाधिक १ सय १३ रन बनाउँदै चितवनविरुद्ध शतक प्रहार गरे । सक्षम बास्ताकोटी र गौरव खड्काले समान ३०/३० रन बनाएका थिए । असिम श्रेष्ठले १३ रन र टिम कप्तान सुमन सुनारले १२ रन बनाएका थिए। बलिङतर्फ चितवनका लागि गौतम केसीले सर्वाधिक ३ विकेट लिएका थिए । कृजन गुरुङ र संघर्ष पौड्यालले समान २/२ विकेट लिएका थिए ।

जवाफी ब्याटिङमा उत्रिएको चितवनले ४२ ओभर ४ बलमा २ सय २८ रन बनाउँदै अल आउट हुन पुगेको थियो । चितवनका लागि गौतम केसीले सर्वाधिक ४६ रन बनाएका थिए। प्रशान्त महतले ४२ रन बनाएका थिए । यस्तै, दीपेश श्रेष्ठले १४ रन, निकेश गुरुङले १२ रन र प्रतीक श्रेष्ठले पनि १२ रन बनाएका थिए । मकवानपुरका रामनरेश गिरीले सर्वाधिक ३ विकेट लिएका थिए। यस्तै, अशीम श्रेष्ठ, साकार गजुरेल र विशाल फुयालले समान २/२ विकेट लिएका थिए। म्यान अफ द म्याच मकवानपुरका शुभ कंशाकार घोषित भएका छन्।

मन्त्रीका स्वकीय थापाको मृत्यु विचौलियाको नियोजित र दुष्प्रवृत्तिको उपज : मन्त्रालय

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशको सहकारी तथा गरिवी निवारण मन्त्रालयले विचौलियाको नियोजित र दुष्प्रवृत्तिका कारण मन्त्रीको स्वकीय सचिवको मृत्यु भएको जनाएको छ । मन्त्रालयले शुक्रबार एक विज्ञप्ती जारी गर्दै सहकारीको गिरोह र विचौलियाको अपेक्षा अनुसार मन्त्रालय र कर्मचारीहरुलाई प्रभावित पार्न नसकेपछि उक्त अडियो सार्वजनिक गरेर मन्त्री मदुकुमार श्रेष्ठको स्वकीय सचिवको रवि थापाको मृत्यु भएको जनाएको हो ।

उक्त घटनामा संलग्नहरुको कुत्सित स्वार्थको मन्त्रालय घोर भत्सर्ना समेत गरेको प्रवक्ता कुमार तामाङले हस्ताक्षर गर्नुभएको विज्ञप्तीमा भनिएको छ। उहाँका अनुसार मन्त्रालयले गरेको निर्णयलाई कमजोर बनाउन विभिन्न माध्यमबाट समाचार र अडियो सार्वजनिक गरी मन्त्रालयका पदाधिकारीलाई आर्थिक प्रलोभन तथा प्रभाव पार्ने काम भएको छ।

'सुमेरु सहकारीका कारवाहीउपर भएका निर्णयलाई कमजोर बनाउन प्रकाशित समाचार तथा सार्वजनिक अडियो अनुसार सम्बन्धित पदाधिकारीहरुलाई आर्थिक प्रलोभन तथा प्रभावमा पार्न खोज्ने कार्य भएको देखिन्छ', विज्ञप्तीमा उल्लेख छ, 'त्यसउपर गिरोह तथा विचौलियाहरुले अपेक्षित रुपमा प्रभावित पार्न नसकेपछि प्रारम्भिक घटनाक्रम अनुसार माननीय मन्त्रीज्यूको सचिवालयको स्वकीय सचिव बिदामा बस्नु, लगत्तै अडियो प्रकरण सार्वजनिक हुनु र निज स्वकीय सचिव कार्यालयमा नफर्कदै सुसाइट नोटसहित मानवीय क्षति हुनुले यो घटना विचौलियाहरुको नियोजित र दुष्प्रवृत्तिको उपजको रुपमा देखिन्छ ।'

उक्त विषयमा थप अनुसन्धान र छानविन भइरहेकाले संलग्नहरु उपर नियमानुसार कानूनी कारवाही हुने र आर्थिक लेनदेनको कार्यमा मन्त्रालयबाट अन्य कुनै पदाधिकारी तथा कर्मचारी संलग्न नरहेको उहाँले बताउनुभयो । मन्त्रालयले प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ को उपदफा (१) मा निहित अवस्थाहरु उक्त सहकारी संस्थामा विद्यमान रहेको देखिएको हुनाले सोही ऐनको उपदफा (२) बमोजिम सुमेरु बचत तथा ऋण सहकारी संस्था, ललितपुरलाई २०८१ पुस २८ गतेको मन्त्रीस्तरीय निर्णय अनुसार समस्याग्रस्त घोषणा गरेको उहाँको भनाई छ । मन्त्रालयको कारवाहीउपर चित्त नबुझी सो सहकारी संस्थाका सञ्चालकहरुले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा हाल विचाराधीन अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो ।

उक्त सहकारीबाट ८४८ जना बचतकर्ताहरुको उजुरी तथा गुनासो मार्फत् २ अर्ब २५ करोड १४ लाख रुपैयाँ माग दावी रहेको प्रवक्ता तामाङले बताउनुभयो । बचतकर्ताहरुको निक्षेप फिर्ता गर्ने सम्बन्धमा उक्त संस्थासँग पटक-पटक पत्राचार, छलफल र ताकेता भएपनि बचतकर्ताको निक्षेप फिर्ता सम्बन्धी कार्ययोजना पेश हुन नसकेको उहाँको भनाई छ ।

बचतकर्ताहरुको बचत रकमको सुरक्षा प्रत्याभूतिका लागि मन्त्रालयले उक्त सहकारीलाई समस्याग्रस्त सहकारी घोषण गर्ने निर्णय गरेको उहाँले बताउनुभयो । सो पश्चात सो सहकारीका केही गिरोह तथा विचौलियाहरुले मन्त्रालय तथा कर्मचारीहरुलाई विवादमा मुछ्न तथा घटनालाई अतिरञ्जित गर्नका लागि विभिन्न भ्रामक प्रचारबाजी गरेको उहाँले दावी गर्नुभएको छ ।

कानूनसम्मत काम हुनेछ : प्रजिअ श्रेष्ठ

समाज संवाददाता

हेटौंडा : मकवानपुरकी नवनियुक्त प्रमुख जिल्ला अधिकारी (प्रजिअ) स्किम श्रेष्ठले जिल्लामा कानुनसम्मत काम हुने बताउनुभएको छ । शुक्रबार मकवानपुर उद्योग वाणिज्य संघले आयोजना गरेको स्वागत कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रजिअ श्रेष्ठले कानूनविपरित हुने कामलाई प्रशासनले निरुत्साहित गर्ने बताउनुभयो । व्यवसायीले जिम्मेवार भएर काम गर्नुपर्ने, कानूनसम्मत हुने काममा प्रशासनको सुरक्षा रहने प्रजिअ श्रेष्ठले स्पष्ट पार्नुभयो ।

निजी क्षेत्र सवल हुनुपर्नेमा राज्य स्पष्ट भएको र प्रशासनले आवश्यक समन्वय, सहकार्य गरेर काम गर्ने जानकारी दिनुभयो। बजार अनुगमन, राजश्व अनुगमनमा प्रशासनको ध्यान रहने उल्लेख गर्नुहुँदै प्रजिअ श्रेष्ठले जिल्लामा दुर्घटना र चोरीका घटना न्यूनीकरण गर्न, लागूऔषध नियन्त्रण गर्न प्रशासनले सरोकारवालासँगको सहकार्यमा काम गर्ने बताउनुभयो। मकवानपुर उद्योग वाणिज्य संघले सहायक प्रजिअ राजेन्द्रप्रसाद कँडेललाई पनि स्वागत गरेको छ। कार्यक्रममा मउवासंघका अध्यक्ष प्रमोद सिंह रानाभाटको सभाध्यक्षमा स्वागत कार्यक्रम भएको हो । कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष उत्तम शर्मा ढकाल, अरुण राज सुमार्गी, मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काको पनि उपस्थिति रहेको थियो ।

हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003

स्ट्रेञ्ज पार्टनर: शिवम् सिमेन्ट

"Quality सँगैं समयमै Delivery को मामलामा पनि No Compromise"

शोभायात्रा:
मिति :२०८१ फागुन ६ गते
समय: बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१

फगुन २०८१ फगुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

झोला

पुस्तक समीक्षा

वेदाङ्ग सुबेदी

लेखक : कृष्ण धरावासी
प्रकाशक : संगम पब्लिकेशन
प्रकाशन वर्ष : २०६०
पृष्ठ संख्या : ६०
विधा : कथा

परिचय : झोला नेपाली साहित्यमा एक अविस्मरणीय कृति हो, जसको लेखन कृष्ण धरावासीले गरेका हुन् । यो कथा विशेषगरी नेपालमा सैयौं वर्षदेखि चलिआएको प्राचीन र क्रूर प्रथा 'सती प्रथा' माथि आधारित छ। झोला कथामा पचासको दशकमा हिन्दू विधवाहरूलाई आफ्ना पतिका साथ चितामा बली चढाउन बाध्य बनाइने अमानवीय प्रथालाई लेखकले उजागर गरेका छन्। यो पुस्तक साहित्यिक र सामाजिक दृष्टिकोणले निकै सशक्त र भावनात्मक छ ।

कथाको सारांश : झोला कथाको मुख्य पात्र एक विधवा महिला हुन्, जो आफ्ना श्रीमानको मृत्युपछि सती प्रथाअनुसार चितामा जल्नुपर्ने अवस्थामा पुग्छिन् । उनको आफ्नै छोरा, समाज र धर्मका नाममा उनलाई यो क्रूर प्रथाको शिकार बन्न बाध्य बनाउँछन्। तर उनको नाबालक छोराको माया र समाजको अन्यायले उनलाई बाँच्ने प्रेरणा दिन्छ । आखिरमा उनी बच्न सफल हुन्छिन् र समाजको दृष्टिकोण र त्यसका क्रुर परम्पराहरू विरुद्ध एउटा सन्देश दिन सक्षम हुन्छिन् ।

प्रमुख विषयवस्तु :

झोला कथामा मुख्यत: निम्न विषयवस्तुहरूलाई उजागर गरिएको छ ।

१. सती प्रथा र पितृसत्तात्मक समाज : यो कथाले नेपाली समाजमा प्रचलित सती प्रथाको कठोरता र पितृसत्तात्मक समाजको क्रूरताको यथार्थ चित्रण गरेको छ ।

२. स्त्रीको संघर्ष र आत्मशक्ति : महिला पात्रको संघर्ष, मानसिक पीडा र आत्मशक्ति प्रमुख विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ। लेखकले महिला पात्रको मर्मस्पर्शी कथा लेख्दै उनको संघर्षलाई प्रेरणादायक ढंगमा प्रस्तुत गरेका छन् ।

३. धार्मिक आडम्बर र सामाजिक अन्याय: यो कथा केवल एक महिलाको कथा नभएर धर्मको आडमा गरिएको सामाजिक अन्यायको विरोध पनि हो । समाजले धर्मको नाममा कति विभत्स र निर्दयी प्रथालाई अपनाएको थियो भन्ने कुरा यहाँ उजागर गरिएको छ ।

साहित्यिक विशेषता : कृष्ण धरावासीको लेखनशैली निकै सरल र सजीव छ । उनले शब्दको चयन र संवादहरूको माध्यमबाट कथा निकै भावनात्मक तरिकाले प्रस्तुत गरेका छन् । कथामा सजीव चित्रण, संवेग र मानवीय समवेदनाले पाठकलाई गहिरो प्रभाव पार्छ । पचासको दशकमा सती प्रथाका कारण महिलाले भोग्नुपरेका पीडा र मानसिक त्रासलाई उनले यथार्थ ढंगले उतारेका छन् ।

सन्देश : झोला कथाले केवल एक कथा मात्र होइन, समाजप्रति एउटा गहिरो सन्देश पनि दिन्छ । यसले महिला सशक्तीकरण, आत्मसम्मान र सामाजिक अन्यायविरुद्धको चेतना फैलाउने कार्य गरेको छ। कथा महिला अधिकारको आवाज उठाउने एउटा साधनका रूपमा प्रस्तुत भएको छ, जसले धर्मका नाममा गरिएको अन्यायको खुला विरोध गर्छ ।

निष्कर्ष : झोला नेपाली साहित्यमा एक अमूल्य र उत्कृष्ट कृति हो, जसले समाजलाई आत्ममूल्यांकन गर्ने अवसर प्रदान गर्दछ। यो कथा सरल लेखनशैलीमा गहिरो सन्देश समेटेको छ । झोलाको सन्देश अत्यन्त प्रेरणादायी छ, र यसले समाजमा भएका असमानता र अन्याय विरुद्ध लड्न प्रेरणा दिन्छ। यसले नेपालका पाठकहरूमा समाज सुधारको महत्व बुझाउन महत्वपूर्ण भूमिका खेलेको छ । समग्रमा, झोला एउटा गहिरो, सशक्त, र परिवर्तनको प्रेरक कथा हो, जसलाई एक पटक अवश्य पढ्नुपर्छ ।

कक्षा-९, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२

सम्झनामा त्यो स्कुल र ति साथि

बिक्रम खतिवडा

पहिलो दिन स्कूल जाँदा मलाई ३ कक्षामा भर्ना गरिदिनु भएको थियो। पहिलेको स्कूलमा कक्षा २ बाट सेकेण्ड भएको म अब श्री शारदा मावि (तत्कालीन आमभञ्ज्याङ गाविस-३, धादिङ) मा रोल नम्बर ३७ थियो। मेरो भने पहिलो दिन भएकाले कोहि साथी बनिसकेका थिएनन् । त्यसैले भरत सरले हाजिर गर्दा रोल नम्बर भन्दै गर्दा हरेकले आफ्नो रोलमा बेन्चबाट उठेर एस सर भन्थे, म भने जसले उठेर एस सर भन्छ, उसैतिर हेर्दै उसको रोल नम्बर र अनुहारतिर हेर्थें। सरले रोल नम्बर ३६ भन्न नपाउँदै मिन्टुले एस सर भनी । ३६ रोल नम्बर एक जना मिन्टु नाम गरेकी मधेश मुलकी अलि कालो वर्ण भए पनि हिस्सी परेकी आफूजत्रै केटी रैछ। उसका दाँत त यस्ता चम्किला, उज्याला थिए नि, ऊ हाँस्दा त झन् ती दाँत झलल्ल बले झैं लाग्थे । अनि सरले रोल नम्बर ३७ भन्दै मेरो नाम र थर दुबै भनेर खतिवडा कि कतिवडा भन्नु भयो, मैले एस सर भनेँ। सबैले मैतिर हेरे र हाँसे । म भने नयाँ भएकाले लाज र डरले होला मेरा कानसमेत राता भएका थिए ।

वर्षे बिदापछि खुलेको स्कूल नयाँ विद्यार्थीको रुपमा पढ्न थालेपछि त्यसबेलाको माहोल बेग्लै थियो । पुराना ढुंगाको गाह्रो भएको अँध्यारो कक्षाकोठा, गाउँको स्कूल । माहोल अलि फरक लागे पनि बिस्तारै बानी पर्दै गयो, तर एउटा कुरा ले चाहिँ म सधैं खिन्न हुने गर्थ्यें। कक्षा एकमा रोल नम्बर पनि एक नै थियो, तत्कालीन श्री त्रिवेणी प्रावि, हेटौंडा-९, चौधघरेमा । दुई कक्षामा रोल नम्बर दुई नै थियो । त्यसबेला रचना सिम्खडा प्रथम भएकी थिइन् । मेरो पनि पढाई राम्रै थियो र दोश्रो हुन सफल भएँ। दाइदिदीहरुसँग पढ्ने भएकाले उहाँहरुले पनि हाम्रो पढाईलाई खुब ध्यान दिनुहुन्थ्यो। त्यसैको नतिजा पनि थियो त्यो। गाउँमा म सबैको ठूलोभाइ थिएँ। अहिलेसम्म पनि त्यतातिर ठूलोभाइ नै भनेर चिन्नु हुन्छ। तर, स्कुलमा चाहिँ सर, मिसले मेरो नामले नै बोलाउनु हुन्थ्यो।

हामी हेडमिस भनेपछि खुब डराउँथ्यौं । त्यसबेला अनुपमा नाम गरेको हेडमिस हुनुहुन्थ्यो। माया गरे पनि खुब डर लाग्थ्यो उहाँसँग। एकजना अर्को मिस पनि हुनुहुन्थ्यो, पवित्रा उहाँको नाम हो । हामी पवित्रा मिस भन्थ्यौं, साह्रै माया गर्ने । म आज पनि उहाँलाई सम्झन्छु, किनभने कान्छो भाइको नाम विश्वास उहाँले नै भन्नु भएको थियो। मैले घरमा गएर भनेँ, सबैलाई मन पर्‍यो र कान्छो भाइको नाम विश्वास भयो। थोरै विद्यार्थी भएकाले पनि हो, प्रायः सबैलाई नामले नै बोलाउनु हुन्थ्यो ।

तर, यताको माहोल भने फरक थियो। धेरै विद्यार्थी, सरहरुमात्रै हुनुहुन्थ्यो, मिस हुनुहुन्थेन। त्यसैले नामले भन्दा धेरै थरले नै बोलाउने गर्नु हुन्थ्यो। म पनि नामले भन्दा थरले परिचित हुँदै थिएँ। सरले जे भने पनि साथीहरुले त नामले नै बोलाउनु नि। कोहि कसैले नामले नबोलाउने। फेरि रोल नम्बर लास्टमा दिक्क लाग्थ्यो। यत्तिकैमा दशैंतिहार बिदा भयो । लामो बिदा भएकाले रमाइलै भयो । उता जस्तो यता त धेरै पढ्नु पनि नपर्ने । दिनभर जताजता खेले पनि हुने । दशैंतिहारसँगै बिदा पनि सक्कियो, स्कूल खुल्यो । पहिलो दिन स्कूल पुगियो । अब त बानी परिसकेको थियो। बिदामा पनी साथीहरु कहिले गोठालातिर, कहिले खोलामा पौडी खेल्दा भेट भैराखेकाले सामान्य लाग्न थालेको थियो।

बिदापछि खुलेको कक्षामा त एउटी नयाँ हामीहरु जत्रै फुच्ची केटी साथी पनि थिइन् । कैलो कपाल, गोरी, आँखा पनि गुडियाका झैं, सफा नयाँ विद्यार्थी देखेँ र मनमनै सोचेँ, योचाहिँ यहिँ पढोस् । यसको रोल नम्बर चाहिँ मेरोभन्दा पछाडि परोस् र यसले त मलाई पक्कै हेपेर थरबाट नभई नामबाटै बोलाउली नि भनेर मख्ख पर्दै थिएँ। नभन्दै सोचे झैँ भयो। उसको रोल नम्बर मेरोभन्दा पछाडि ३८ रैछ। उसको नाम हेमकुमारी भन्ने पनि थाहा भयो । मसिनो स्वरले बोल्ने ऊ अरुभन्दा बोली र व्यवहार दुबैले अलग थिई ।

बिस्तारै पढाइ चल्दै गयो, खासै कुरा हुन्थेन । हाम्रो एकदिन कक्षामा नेता चुन्ने दिन थियो। त्यहाँ सरले नयाँ मोडल निकाल्नु भयो । हरेक बारको फरक नेता । केटाको नेता केटा नै, केटीको नेता केटी नै। दुबै नेता मिलेर कक्षाकोठामा व्यवस्थापनको काम गर्नुपर्ने । नयाँ नियम बन्यो । म मंगलबार केटाको नेता बनेँ, उनी त्यहि दिनको केटीको नेता। अब त झन संगैको नेताको त नामले लै बोलाउली भनेको त सानो स्वरले खतिवडा पो भन्छे त । त्यसबेला हामी पिले भन्दै एउटा खेल खुब खेल्थ्यौं। अनि अलगअलग टिममा खेल्दा पनि एकले अर्कालाई चाहिँ छोएर डुम नबनाउन प्रस्ताव उसैले राखेकी हो। 'तँ मलाई छोड्दे, म तँलाई छाड्छु नि ल खतिवडा' भन्दा मेरो ध्यानचाहिँ खतिवडा भनेतिर धेरै गयो। नामले बोलाएकी भए नि त्यसको के नै जान्थ्यो र भन्ने लाग्यो। संगै पढ्नेलाई अहिलेजस्तो तपाईं तिमी भन्ने चलनै थिएन । सिधै तँ भन्यो त्यहि प्यारो लाग्थ्यो पनि । तर पनि कति बलियो थियो साथीको सम्बन्ध । वर्षौं भयो बोलचाल नभएको, त्यसबेलाका साथीहरुसँग र पनि त्यसबेलाका कति कुराहरु अझै ताजा नै छन् झैं लाग्छ । त्यस बेला छुटेका साथी अझै उस्तै सानै छन् झैं लाग्छ। सामाजिक सञ्जालमा देख्नेबित्तिकै रिक्वेस्ट पठाउने प्रायः मै हुन्छु। तर बोल्नचाहिँ समयसँगै थपिने जिम्मेवारी र व्यस्तताले पनि होला एकाध केटाहरुबाहेक कसैसँग पनि बोलचाल हुन सकेको छैन। तिनै साथीमध्ये कोहि निजामती, राजनीति, मास्टर, डाक्टर, बैंकर, ब्यापारी, निर्माण व्यावसायीसम्म जन्माएको उक्त गाउँको सरकारी स्कूलको नेतृत्व प्रधानाध्यापक समेतमा एकै ब्याचका साथीलाई देख्न पाउँदा निकै खुशी लाग्छ।

अहिले फेसबुकमा भएका झण्डै ४ हजार जना साथीमा कैयन् ती साथीहरु छैनन् होला । मोबाइलमै सेभ भएका २ हजार बढि नम्बरमा पनि तिनका नम्बर छैनन् होला। मोबाइलको ग्यालेरीमा भएका ८ हजार फोटामा पनि ती साथी छैनन् र पनि उत्तिकै खास लाग्छ। संसारमा यादभन्दा ठूलो के नै रैछ र ? त्यसैले त 'दिने पनि यादमात्रै हो, पाउने पनि यादैमात्रै हो' भनेको। अहिले झन् धेरै साथी छन् जस्तो लागे पनि त्यो स्तरको आत्मीयता भने पक्कै छैन। ती सबै औपचारिकतामै मात्र सिमित भए झैं लाग्छ। स्कूल पढ्दाका ती साथी, जोसँग वर्षौं भेट नभए पनि समय बित्दै जाँदा निकै खास लाग्ने रैछन्। ती साथीहरुसँग पुराना कुरा सम्झँदै बोल्न पाउनु पनि निकै ठूलो कुरा हो जस्तो लाग्छ, आजभोलि। कुनै दिन तीनै साथीहरुलाई सम्झँदा बालापनसँग जोडिएका कैयन् तिनै यादहरुले पुन: अतिततिरै फर्काएर तीनै बालापनको याद दिलाउने गर्दछन् । त्यसैले जो जस्तो अवस्थामा भए पनि सबैको भलो होस् । जिन्दगीको गोरेटोमा कुनै दिन ती पुराना दिनहरु सम्झँदै केहि यादहरु थपेर बिदा हुने अवसर मिलोस्। नयाँ पिँढी, जो हामीजस्तै गरी खेल्न, डुल्न र हुर्कन पाएका छैनन्, तिनको लागि समेत हाम्रा बितेका दिनहरु उदाहरण बन्न सकोस् ।

'सेतो बाघ'

(कृति समीक्षा)

सुमिज्ञा दाहाल

सेतोबाघ नेपाली साहित्यका प्रसिद्ध लेखक डायमन्ड शमशेर राणाद्वारा लिखित ऐतिहासिक उपन्यास हो । यो पुस्तकमा नेपालको राणा शासनकालको अन्तिम चरणको राजनीतिक उथलपुथल र त्यसले लिएर पनि आएको पारिवारिक द्वन्द्वको कथा रहेको छ ।

सेतो बाघ उपन्यासको कथा जगतजंग राणाको वरिपरि घुमेको छ । जो जङ्गबहादुर राणाका सन्तान हुन् । यो उपन्यास १९ शताब्दीमा घटित नेपालको राजनीतिक घटनाक्रमलाई वर्णन गर्न जन्मिएको उपन्यास हो । उपन्यासमा राणा परिवारभित्र राजनीतिक सङ्घर्ष, महत्वाकांक्षा, गद्दारी र शक्तिको लागि भएको द्वन्द्वलाई देखाइएको छ । यस उपन्यासमा मुख्य पात्रका रूपमा वीर र राणा वंशका व्यक्तिहरूको जीवनलाई केन्द्रित गरिएको छ। उपन्यासमा तत्कालीन समाजमा व्याप्त असमानता, अत्याचार र संघर्षलाई आकर्षक रुपमा चित्रण गरिएको छ ।

लेखकले पात्रहरूको मनोविज्ञान, आन्तरिक द्वन्द्व र पारिवारिक सम्बन्धलाई जीवन्त ढङ्गले प्रस्तुत गरेका छन् । जसले गर्दा पाठक तत्कालीन समयको वास्तविकता र सामाजिक जटिलतालाई महसुस गर्न सक्षम हुन्छ । डाइमण्ड शमशेर राणाको लेख्ने शैली धेरै आकर्षक छ । जसमा ऐतिहासिक विवरणलाई जीवन्त संवाद र गहिरो कथासँग संयोजन गरिएको छ । उनको लेखनशैली चित्रात्मक छ। जसले पाठकलाई राजदरबारको भव्य जीवनशैली र षड्यन्त्रको तनावपूर्ण वातावरणलाई जीवन्त रुपमा देख्न मद्दत गर्छ। उपन्यास साहित्यिक र ऐतिहासिक दुवै रुपमा प्रभावकारी छ । सेतो बाघ नेपाली साहित्यमा एक अमूल्य कृति हो । जसले नेपाली इतिहासमा एउटा अध्यारो अध्यायलाई उजागर गर्दै राणा शासनको कुसंस्कार र षड्यन्त्रकारी व्यवहारलाई सजीव बनाएको छ ।

कक्षा-८, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२

The Boy

Sampanna Sapkota

There is a boy
He likes to play toy
Toy was puppy
He was chubby

The second toy was a ball
His sister likes to play with a doll
The doll could fly
On the bright bright sky

He likes to sit on the mat
Because he was fat
His sister's name is Gummy
Football was his hobby

Class–4, Navodaya shishusadan
Hetauda-4

चित्रकला



दिपासना थापा
कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट
हेटौंडा-४



सुयोग श्रेष्ठ
कक्षा-५, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४



राहुल राउत
कक्षा-१२, हेटौंडा क्याम्पस

नेता भन्छन्

पवित्रा कार्की

जनता भन्छन् नेता मिली भ्रष्ट्राचार गर्छन्
नेता चाहिँ यो पार्टी र त्यी पार्टीले भन्छन् ।
उनीहरु एक आपसमा राजनीति गर्छन्
विकासको नाममा आँखामा छारो मात्र हाल्छन् ।

चुनावमा भने गर्छन् जनताको सपना साकार पार्छु
नदी नभएको ठाउँमा पनि पुल हाल्छु भन्छन् ।
सत्तामा पुगेपछि पदको धाक देखाई बस्छन्
यता पनि उता पनि पैसाको लोभमा फस्छन् ।

एमालेका नेता भन्छन् कांग्रेसले करोडौं खाए
काँग्रेसका नेता भन्छन् माओवादीले मान्छे मारे ।
एक अर्काको पार्टीलाई दोष देखाई बस्छन् यी नेता
झगडा र तानातानमा कर्तव्य बिर्सन्छन् यी नेता ।

नेतालाई पर्दैन यो देशको जनताको पिर
यस्ता नेता आएपछि युवाहरू गए परदेशमा
आफ्नो छोराछोरीको भविष्य हेर्छन् नेता
जनताको छोराछोरी मेरा बराबरी भन्दैनन् नेता ।

म सत्तामा पुगे नेपालाई स्वर्ग बनाउँछु
विदेशीको पैसा जति सबै यही खन्याउँछु ।
पाटी पाटी नमिलेर देश भत्काउने छैन नेताज्यु
तिमी आफ्नो स्वार्थमा देश बिगार्न छुट छैन नेताज्यु ।

पवित्रा कार्की
कक्षा-९, श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-४

मेरो प्यारो मान्छे

रोश्नी कार्की

शब्दहरुले भरिपूर्ण मलाई तिम्रो रूखोपनले निशब्द नबनाइदेउ न
सादापन नै मन पर्ने मलाई तिमी शृङ्गारको खोक्रोपना नओढाइदेउ न
चञ्चलताले भरिएको मलाई तिमी साथी बनाइदेउ न
बोलेर नथाक्ने मलाई कहिलेकाहिँ शब्द सापटी देउ न

चरा झैं उड्न खोज्ने यो मनलाई तिमी पखेटा लगाइदेउ न
कहिलेकाहिँ झनक्क रिसाउने मलाई तिमी नबोलेनि बुझिदेउ न
थाकेर बस्दा यो मनलाई तिमी उर्जा देउ न
म सामर्थ्य राख्छु भाग्य फेर्ने तिमी बस् मेरो साथ देउ न

दौडन्छु, लड्छु, उठ्छु तर हिम्मत हार्ने छैन तर
तिमीले नै टुटायौ भने कहिल्यै उठ्न सक्ने छैन
म तिमी देखेर संसार बिर्सिने मान्छे
तर तिमीले नै बुझेनौ भने केहि अर्थ छैन

खाली मेरो मनलाई मायाले भरिदेउ न
आफैंमा छरपस्ट मलाई तिमीले समेटीदेउ न
भनोस् घमण्डी दुनियाले तिमीले बुझिदेउ न
म भित्रको मलाई म नै हुन देउ न

सेलाउलान् मेरा जाँगरहरु तिमीले उर्जा भरिदिनु
ओइलाउलान् मेरा सपनाहरु तिमीले स्याहारिदिनु
डगमगाउलान् मेरा कदमहरु तिमीले सम्हालिदिनु
मरेर जालान् रहरहरु तिमीले ब्युँझाइदिनु !!

शिक्षक, नवोदय शिशु सदन मावि, हेटौँडा-४

भाइ

स्वस्तिका हुमागाई

श्रवण हो मेरो भाइको नाम
हाँस्ने खेल्ने रमाउने उसको काम ।

चुलबुले छ चकचक धेरै गर्छ
उसको मलाई त्यही बढी मन पर्छ ।

ठुली दिदी भनी मलाई बोलाउने गर्छ
उसले मलाई धेरै माया गर्छ ।

ज्ञानी छ उसको बानी
चन्चले छ स्वभाव
कैले पनि हुनेछैन उसलाई कोहिमा अभाव

मैले पनि उसलाई धेरै माया गर्ने गर्छु
उसैसँग हाँस्ने खेल्ने रमाउने गर्छु ।

कापी किताब झोला बोकी सँगै स्कुल जान्छ
मैले जे भनेपनि सबै कुरा मान्छ
खानेकुरा खुवाउन भनी सजिलै मान्छ
कसले खुवाउने भनी सोध्दा मेरै नाम लिन्छ ।

मैले पनि आशिर्वाद दिने गर्छु उसलाई
राम्रो बाटो हिँडी असल मान्छे बन भन्छु उसलाई

कक्षा-४, कमला आधारभूत विद्यालय, हेटौंडा-१८

जन्म दिने आमा

सुज्ञान घिमिरे

झिकेर मुटुको टुक्रा आँखा भित्र अटाउँछिन्
आफू भोकै बसी छाती चुस्न लगाउछिन् ।।

जिन्दगी बन्छ आमाले ख्वाएको गाँस गाँसमा
सिर्जना मूल हुन आमा श्रष्टाको इतिहासमा ।।

कोखबाट निकालेर यो धर्ती टेक्न लगाउँछिन्
ताते ताते भनी मिठो तोते बोली सिकाउँछिन् ।।

कोखाई कोखाई भनी साना नानीलाई खुवाउँछिन्
बालक सुतोस् भनी आमाले हातले थुम्थुमाउँछिन् ।।

धर्ती मै छ सबै चीज खोजे मिल्छ घरी घरी
जन्म दिने आमा अरु पाइदैन कहीँ कसै गरी ।।

कक्षा-५, जिएस निकेतन, हेटौंडा-५

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

वातावरण

प्रशंसा श्रेष्ठ

कालो बादल मडारियो आँधी हो कि ?
हावाहुरी आयो भने दुःख पाइने हो कि ?
शुद्ध बनोस् माटो हाम्रो शुद्ध हावाहुरी
वातावरण राम्रो भए बन्छ जिन्दगानी ।

वातावरणलाई हामीले गर्नुपर्छ सफा
वातावरण सफा भए मिल्छ हामीलाई नाफा
वातावरणलाई गर्नुपर्छ धेरै हेरविचार
वृक्षारोपणले राख्छ जीवनको आधार।

आउ साथी घुम्न जाऔँ अग्लो डाँडामाथि
चिसो हावा शुद्ध पारी जीवनको साथी
समुद्रमा माछाहरू खेली खेली बाँच्छन
जङ्गलका हात्तीहरू खुसी भई नाच्छन् ।

कक्षा-४, नवोदय शिशुसदन, हेटौंडा-४

गाउँखाने कथा

१. माझ मझेरी उत्तानो पारी, दुई घुँडा मारी ल्यासल्यास पारी ।
- मसला पिँधेको

२. रुपरङ केही छैन तर आउँछ जान्छ, त्यस्तै परे निमेषमा पूरा गाउँ खान्छ ।
- भूकम्प

३. माया गरे चुपचाप एकै ठाउँमा बस्छ, रिसाएर लात्ती हाने खुरु–खुरु हिँड्छ ।
- साइकल

४. माथितिर कान तरितरि तान, तानमा ठक्कर दिँदा मीठो हुन्छ गान ।
- सारङ्गी

५. मीठो छ टोक्नु हुन्न, बाढु भने काट्न हुन्न ।
- बास्ना

The Friendly Moon

Prashansa Gole

The moon comes out to light the night,
It glows so softly, it shines so brightly,
It watches over all the land,
A gentle guide, a helping hand.

The stars around it start to glow,
A sparkling sky, a lovely show.
They twinkle high, they shine so clear,
A peaceful sight that draws us hear.

The trees stand still, the world is calm,
The night feels like a soothing balm.
The moon above just smiles down,
A silver king without a crown.

So when the dark begins to fall,
The moon will answer every call.
A friend to guide, to light the way,
Until the dawn brings back the day.

Class-4, Navodaya shishusadan, Hetauda-4

सातको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

मेष राशिः समय मध्यमकारक रहेको देखिन्छ । उत्साह र उमङ्गको कमी हुने समय छैन । महत्वकांक्षा र अदम्य उत्साह बढ्ने समय छ । धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ । व्यापार–व्यवसाय मध्यमकारक छ । वैदेशिक प्रयोजनका कामहरु ठिकै रहनेछन् । अध्ययन–अध्यापन परिश्रमले उपलब्धी बन्ला ।

वृष राशिः धनको मामिलामा उदासीन नबन्दा राम्रो रहन्छ । योजनाले नै काममा गन्तव्य स्थानमा पुगिएला । व्यापार–व्यवसायमा दौडधूप बढ्ला । बाध्यात्मक काममा सञ्चित धनको व्यय होला । बहुमूल्य गरगहना हराउन सक्छ । आलस्य, डर, चिन्ताले जरो गाड्ला । पढाइ–लेखाइ ठिकै रहने समय छ ।

मिथुन राशिः राज्यपक्षको काममा सफलता मिल्ने समय योग छ । शिक्षादीक्षा र ज्ञानगुनका क्षेत्रका काममा प्रतिष्ठामा वृद्धि हुनेछ । अभिभावक वर्गको शुभशिर्वाद प्राप्त होला । धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ । बाँकी/बक्यौता रकम प्राप्त होला । वैदेशिक योग ठिकै रहने छ । मांगलिक कार्यमा सरिक भइनेछ ।

कर्कट राशिः आत्ममूल्यांकन गर्न अनुकूल समय छ । ठूलाको आशीर्वादले काममा पूर्णता प्राप्त होला । हाँके ताकेका कामहरु पूर्ण होलान् । व्यापार–व्यवसाय ठिकै छ । कर्मक्षेत्रमा अझैं मिहिनेत गर्नुपर्ला । कारोबारबाट राम्रो लाभ प्राप्त होला । पुरस्कार र प्रतिष्ठा पनि प्राप्त होला । स्वास्थ्यस्थिति कमजोर रहने समय छ ।

सिंह राशिः आडम्बर र अहंकार त्याग गर्दा राम्रो । कार्यक्षेत्र र बन्दव्यापारबाट लाभ प्राप्त हुने समय योग रहेको छ । आत्मविश्वास र शिघ्र निर्णय गर्ने क्षमतामा वृद्धि हुने समय छ । मिहिनेत र लगनशीलताले गन्तव्यमा पुगिएला । धार्मिक एवम् सामाजिक अनि परोपकारमा सरिक भइएला ।

कन्या राशिः समय ठिकै रहला । शारीरिक रुपमा अस्वस्थता बढ्न सक्ला । परिश्रमले लाभमूलक क्षेत्रको पहिचान बढ्ला । वैदेशिक कामबाट धनार्जन होला । पारिवारीक वातावरण सामान्य रहला । मन अशान्त हुने छ । विद्या प्राप्तिका लागि नयाँ ज्ञान प्राप्त हुनेछ तर हडबड्ले आघात पुग्ला ।

तुला राशिः रोमाञ्चकता बढ्ला । विगतका रमाइला पलहरुको याद आउला । मन भावुक र संवेदनशील बन्न सक्छ । मनमा जिज्ञासा उत्पन्न होला । नियमित कामधन्दाले दिकदारी बढ्ला । आर्थिक व्यय हुने समय छ । प्रियजनसँगको भेटले मन प्रफुल्ल होला । पढाइ–लेखाइ मध्यमकारक छ ।

वृश्चिक राशिः आर्थिक जगेर्ना गर्न उचित समय छ । प्रयासले दिगो कामको थालनी होला । अधिकार र प्रतिष्ठा बढ्नेछ । घमण्ड र अहंकारलाई त्याग गर्दा राम्रो रहनेछ । तर्क र बहसमा विजय प्राप्त होला । प्रतिद्वन्द्वीहरुसँग सजगता अपनाउँदा राम्रो । धार्मिक एवम् सामाजिक काममा सरिक भइनेछ ।

धनु राशिः सेवामूलक कामबाट लाभ प्राप्त हुनेछ । बौद्धिक क्षेत्र, चिन्तन–मनन र दार्शनिक विषयमा सक्रियता बढ्ला । मन भावुकतामा परिणत होला । तामिल र ज्ञान विषयमा सरिक भइनेछ । धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ । पढाइ–लेखाइ ठिकै छ । प्रेम जीवन ठिकै रहने समय छ ।

मकर राशिः आवेगलाई नियन्त्रण नगर्दा मन खिन्न होला । व्यापार–व्यवसायमा नयाँ गति होला । घरायसी काममा मन रमाउला । भोगवृत्तिले मन विचलित बनाउला । ठूलाको हेरचाहमा मन रमाउला । अध्ययन र अध्यापन ठिकै छ । यात्रा योगमा सरिक भइने छ । सामाजिक कामबाट आघात ।

कुम्भ राशिः मित्रशक्ति प्राप्त हुने समय छ । पारमार्थिक काममा धन व्यय र लगानी गर्नुपर्ला । काममा सामान्य चुनौतिहरु आइपर्लान् । परीक्षा र प्रतियोगिताका कामबाट लाभ मिल्ला । धार्मिक र सामाजिक काममा सरिक भइने छ । सहयोगीले सहयोग गर्लान् । यात्रा योगमा सरिक भइने समय छ ।

मीन राशिः बोलीको प्रभाव बढ्ला । कार्यक्षेत्र र व्यवसायमा गरेको लगानीले लाभ प्राप्त होला । रमाइलो र यात्रा योगमा सरिक भइने समय छ । नेटवर्किङको कामले अलमल्याउला । आय भएपनि खर्च पनि होला । परोपकारजन्य काममा सरिक भइएला । अध्ययन–अध्यापन ठिकै रहनेछ ।

मेरो आमा

मेलिना थापा

सहनशीलताको प्रतिमूर्ति उनी, जन्मदाता मेरी आमा
घामपानीमा मैले ओढ्ने शितल छाता मेरी आमा

वर पिपलको चौतारीभन्दा शीतल उनको माया
दुःख हटाई सुख दिने सुखदाता मेरी आमा

आफैँलाई जोगाउन मुस्किल पर्ने यो संसारमा
मेरो जीवनको हरेक पानालाई जोगाउने गाता मेरी आमा

हिसाबै गर्न नसकिने माया गर्छु म उनीलाई
त्यही अगणितीय मायाको गाथा मेरी आमा

अङ्ग अङ्गमा छिन् मेरो खुशीले हर रङ्गमा छिन्
मैले गुनगुनाउने हरेक गीत गजलको भाका मेरी आमा
घामपानीमा मैले ओढ्ने शितल छाता मेरी आमा

कक्षा-१२, महेन्द्र मावि, बकैया-४

नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्डको उपाधि सिद्धार्थ शिशु सदनले जित्यो

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानगर पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि हेटौँडा-५ स्थित सिद्धार्थ शिशु सदनले जितेको छ । हेटौंडा-४ स्थित हुप्रचौरमा शुक्रबार सम्पन्न भएको प्रतियोगिताको उपाधि सिद्धार्थ शिशु सदनले जितेको हो ।

नगर खेलकुद विकास समितिको आयोजना तथा आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापनमा सम्पन्न प्रतियोगितामा सिद्धार्थ शिशु सदनले ८ स्वर्ण र ६ कास्य पदक प्राप्त गरेको छ । ८ वटा स्वर्ण र १ कास्यपदक प्राप्त गर्दै हेटौँडा-१० स्थित तुल्सीमेहर मेमोरियल स्कूल द्वितीय भएको छ । यस्तै, ६ स्वर्ण, ८ रजत र ७ कास्य पदक प्राप्त गरेको हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालय तृतीय भएको छ ।

रनिङ्ग शिल्ड प्रतियोगितामा सामुदायिक र संस्थागत गरी ३८ वटा विद्यालयका विद्यार्थीको सहभागिता रहेको संयोजक राजाराम पोखरेलले जानकारी दिनुभएको छ । प्रतियोगिता अन्तर्गत छात्र/छात्रा भलिबल, कबड्डी, एथ्लेटिक्स, मार्सल आर्टतर्फ कराँते, तेक्वान्दो, उसुलगायतका खेलहरु सञ्चालन भएको उहाँले बताउनुभयो । भलिबलतर्फको खेलमा महिलाको ८ वटा टिम र पुरुषको १० टिमको सहभागिता रहेको भलिबलका संयोजक नरेन्द्र मुक्तानले बताउनुभयो ।

नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्र प्रसाद घिमिरेको अध्यक्षता तथा नगरप्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको हो । प्रतियोगिताको समापन समारोहमा राष्ट्रिय परीक्षा बोर्ड हेटौँडा शाखाका प्रमुख कृष्णप्रसाद घिमिर, हेटौंडा उपमहानगरपालिका शिक्षा महाशाखा अधिकृत हरिचन्द्र सापकोटा, आधुनिक माविका प्रधानाध्यापक रामसागर गुरागाईं, नगर खेलकुदका सदस्य विजय गौतम लगायतको उपस्थिति रहेको थियो ।

भलिबलको महिलामा ज्ञानोदय र पुरुषमा निर्मललाई स्वर्ण

हेटौंडाः हेटौंडा उपमहानगर पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताअन्तर्गत महिला भलिबलमा हेटौँडा-५ स्थित ज्ञानोदय आवसीय माध्यमिक विद्यालयले स्वर्ण जितेको छ । हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयलाई २-० को सोझो सेटले पराजित गर्दै ज्ञानोदयले स्वर्ण जितेको हो । ज्ञानोदयले सिद्धार्थलाई २५-१५ र २५-१० ले पराजित गरेको हो ।

यस्तै, पुरुष भलिबलमा हेटौँडा-१९ स्थित निर्मल माध्यमिक विद्यालयले स्वर्ण जितेको छ । हेटौँडा-४ स्थित आधुनिक राष्ट्रिय माविलाई २-० को सोझो सेटले हराउँदै निर्मल माविले स्वर्ण जित्न सफल भएको हो । निर्मल माविले आधुनिक माविलाई २५-१५ र २५-१० को सोझो सेटले हराएको हो । भलिबलको उत्कृष्ट खेलाडी निर्मल माविबाट बुद्ध गोले घोषित भएका छन् । कबड्डीमा शान्ति गोले र पुरूष तर्फ सक्षम, एथ्लेटिक्समा सुविन लामा घोषित भएका छन् ।

प्रतियोगितामा महिलाको ८ वटा विद्यालयको र पुरुषको १० वटा विद्यालयको टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको विजेता र उपविजेतालाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा सहभागी भएर उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराइने छ भने जिल्लाबाट छनौट हुनेलाई बन्द प्रशिक्षणमा राखेर प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्डमा सहभागी गराइने छ ।

उसुका ११ जना छानिए

हेटौंडा : राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताअन्तर्गत उसु खेलका लागि ११ जना खेलाडी छनोट भएका छन् । प्रतियोगितामा २३ जना खेलाडीको सहभागिता रहेको उसु संघका सचिव विश्वनाथ पाठकले जानकारी दिनुभएको छ । जिल्लास्तरीय प्रतियोगिताका लागि थाउलो छानक्वान विधाबाट हेटौँडा-९ स्थित प्रगति माध्यमिक विद्यालयबाट शितल थिङ र हेटौँडा-१० स्थित तुल्सी मेहर मेमोरियल स्कूलबाट जेनिश लोप्चन छनौट भएका छन्। नानछ्वान विधाबाट छात्रतर्फबाट एराइज लामा र छात्रातर्फ हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयबाट लिजा प्रजा छनौटमा पर्न सफल भएका छन् । ताइची छ्वान विधामा छात्रतर्फ हेटौँडा-१० स्थित तुलसी मेहरबाट क्षितीज लामा र छात्रातर्फ हेटौँडा-४ स्थित ब्रह्मदिक एकेडेमीबाट अविस्मा पाठक छनौट भएकी छिन् ।

सान्सौ विधामा ४२ केजी तौल समूहबाट छात्रतर्फ हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयबाट आयुष पाखिन र छात्रातर्फ रितिका खतिवडा छनौट भएका छन् । छात्रातर्फ ४५ केजी तौल समूहबाट हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलबाट सुयोग बर्तौला र छात्रतर्फ हेटौँडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयबाट सिपोरा कार्की छनौट भएका छन् । ४८ केजी तौल समूहबाट आधुनिकबाट क्षितिज पाखिन र छात्रा तर्फबाट प्रगति माविबाट मनिषा विश्वकर्मा छनौट भएका छन् ।

कराँतेमा ११ जना छानिए

हेटौँडा : कराँतेतर्फ ११ जना खेलाडी छनौट भएका छन् । शुक्रबार हेटौँडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा सम्पन्न भएको प्रतियोगिताबाट ११ जना खेलाडी छनौट भएका हुन् । पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताबाट प्रत्येक तौल समूहमा प्रथम हुने खेलाडीहरुले आइतबार हुने जिल्लास्तरीय राष्ट्रिपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागिता जनाउन पाउने छन् ।

नगरस्तरीय कराँते प्रतियोगिता अन्तर्गत कातातर्फ पुरुषमा रिलायन्स इंग्लिस सेकेन्डरी बोर्डिङ स्कूलका सिद्धिम रुम्बा र महिलातर्फ श्रेया श्रेष्ठ प्रथम हुँदै जिल्लास्तरीय प्रतियोगिताका लागि छनौट भएका छन् । कुमुते विधामा पुरुषतर्फ सिधिम रुम्बा, रितेश स्याङ्तान, ४७ केजीतौल समूहबाट कपिल डिम्डुङ्ग, ५२ केजी तौल समूहबाट रोहित रुम्बा, ५७ केजी तौल समूहबाट विराज तितुङ, ६२ केजी तौल समूहबाट विकास राई प्रथम हुँदै जिल्लास्तरीय प्रतियोगिताका लागि छनौट भएका छन् ।

महिलातर्फ ४० केजी तौल समूहबाट मञ्जिता श्रेष्ठ, ४५ केजी तौल समूहबाट रमिला मोक्तान, ५० केजी तौल समूहबाट पाल्साङ मोक्तान, ५५ केजी तौल समूहबाट श्रेया श्रेष्ठ र ६० केजी तौल समूहबाट सुशीला श्रेष्ठ प्रथम हुँदै जिल्लास्तरीय प्रतियोगिताका लागि छनौट भएको सितोरियो कराँते संघ मकवानपुरका कोषाध्यक्ष पूर्णभक्त लामाले जानकारी दिनुभएको छ ।

औषधी व्यवसायी संघले आफ्नै भवन बनाउने

समाज संवाददाता

हेटौँडा : औषधी व्यवसायी संघ मकवानपुरले कार्यालय प्रयोजनका लागि आफ्नै भवन निर्माण गर्ने भएको छ । शुक्रबार सम्पन्न दोस्रो साधारणसभाको उद्घाटन समारोहमा संघका अध्यक्ष नारायणलाल श्रेष्ठले संघको कार्यालय भवन निर्माण गर्ने घोषणा गर्नुभएको हो । भवन निर्माणका लागि हेटौँडा उपमहानगरपालिकाको ११ नम्बर वडा कार्यालयलाई जग्गा माग गर्ने र सो जग्गामा भवन निर्माण गर्ने योजना अध्यक्ष श्रेष्ठले प्रस्तुत गर्नुभयो ।

भवन निर्माणको घोषणा गर्नुहुँदै अध्यक्ष श्रेष्ठले दुई लाख रुपैयाँ, औषधी व्यवसायी संघका केन्द्रीय अध्यक्ष प्रकाश खण्डेलवालले एक लाख रुपैयाँ, बागमती प्रदेश समितिका वरिष्ठ उपाध्यक्ष शिव पण्डितले ५१ हजार रुपैयाँ सहयोगको घोषणा गर्नुभएको छ । साधारणसभामा हेटौँडा-११ की वडाध्यक्ष जुना दाहालले संघको भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्नुभएको छ । साधारणसभाको अवसरमा संघले संघका अग्रज व्यवसायी विनोदकुमार लामिछाने, हरेराम श्रेष्ठ र ग्याल्जन दोर्जे लामालाई सम्मान गरेको छ ।

हेटौँडा-११ स्थित पुण्यक्षेत्रमा संघका अध्यक्ष नारायणलाल श्रेष्ठको अध्यक्षता तथा औषधी व्यवसायी संघका केन्द्रीय अध्यक्ष प्रकाश खण्डेलवालको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो । औषधी व्यवसायी संघ बागमती प्रदेश समितिका अध्यक्ष ध्रुवनारायण श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाटको पनि आतिथ्य रहेको थियो । १३० भन्दा बढी व्यवसायी रहेको संघले साधारणसभासँगै वनभोज कार्यक्रम समेत आयोजना गरेको थियो ।

महिला शिक्षक भलिबल प्रतियोगिता

उपाधिका लागि ज्योति र प्रगति भिड्ने

हेटौँडाः हेटौँडाको नगरस्तरीय शैक्षिक समन्वय समितिको आयोजनामा महिला शिक्षक भलिबल प्रतियोगिता आयोजना गरिएको छ । शुक्रबार हेटौँडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको भलिबल कोर्टमा भएको प्रतियोगिताको उपाधिका लागि हेटौँडा-९ स्थित प्रगति माध्यमिक विद्यालय र हेटौँडा-१८ स्थित ज्योति माध्यमिक विद्यालयबीच भिडन्त हुने भएको छ। महिला शिक्षकबीच पहिलो पटक भलिबल प्रतियोगिता आयोजना गरिएको हो ।

प्रगति माविले चन्द्रोदय माविलाई २-१ को सोटले हराउँदै फाइनलमा प्रवेश गरेको हो भने ज्योति माविले कृष्ण आदर्श आधारभूत विद्यालयलाई २-१ को सेटले हराउँदै फाइनलमा प्रवेश गरेको छ । फाइनल खेल आज शनिबार हुनेछ। यस्तै, तेस्रो स्थानका लागि चन्द्रोदय मावि र कृष्ण आधारभूत विद्यालयबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टिमले क्रमशः ७ हजार, ५ हजार, ३ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगितामा हेटौँडा उपमहानगरका १० वटा विद्यालयको सहभागिता रहेको थियो । नगरस्तरीय शैक्षिक समन्वय समितिका अध्यक्ष भोगेन्द्र लुईंटेलको सभाध्यक्षमा तथा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा शुक्रबार प्रतियोगिता उद्घाटन भएको हो । उद्घाटन कार्यक्रममा ४ नम्बरका वडाध्यक्ष नवीन सिग्देल, ११ नम्बरका वडाध्यक्ष जुना दहाल, १६ नम्बरका वडाध्यक्ष रामकृष्ण कोइरालाको पनि उपस्थिति रहेको थियो ।

कैलाश अध्यक्ष कप फुटबलका लागि १० र ८ नम्बर वडा भिड्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा जारी पालिकास्तरीय अन्तर वडा तेस्रो अध्यक्ष कप फुटबल प्रतियोगिताको फाइनल समीकरण पूरा भएको छ । शुक्रबार सेमीफाइनलका दुई खेल सम्पन्न भएसँगै प्रतियोगिताको फाइनल खेल्ने टोलीको टुङ्गो लागेको हो ।

प्रतियोगिताको उपाधिका लागि साविक विजेता वडा नम्बर १० र ८ बीच प्रतिस्पर्धा हुने भएको छ। शुक्रवार वडा नम्बर ९ नामटारमा अवस्थित खेलमैदानमा भएको पहिलो सेमिफाइनल खेलमा वडा नम्बर ७ लाई २-० गोलले हराउँदै १० नम्बर फाइनलमा प्रवेश गरेको हो। १० नम्बरको जीतमा सागर बलले खेलको पहिलो १९ औं मिनेट र अनित सिन्तान दोस्रो हाफको १९ औं मिनेटमा एक-एक गोल गरे। खेलको म्यान अफ द म्याच १० नम्बरका साजन जिम्बा घोषित भए । १० नम्बर प्रतियोगिताको पहिलो र दोस्रो संस्करणको विजेता टोली हो ।

दोस्रो सेमिफाइनल खेलमा ५ नम्बरलाई १-० गोलले हराउँदै ८ नम्बर फाइनलमा प्रवेश गरेको हो। ८ नम्बरको जीतमा देवदूत नेगीले पहिलो हाफको सातौं मिनेटमा गरेको गोल नै निर्णायक बन्यो । खेलको म्यान अफ द म्याच नेगी घोषित भए । प्रतियोगिताको उपाधिका लागि शनिबार १० नम्बर र ८ नम्बर भिड्नेछन्। १० नम्बरलाई लगातार ३ पटक उपाधि आफ्नो कब्जामा पार्ने अवसर छ भने ८ नम्बरलाई पहिलोपटक उपाधि जित्ने अवसर छ । प्रतियोगिताको विजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ६० हजार रुपैयाँ प्राप्त गर्नेछन्।

प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट छनोट, चितवनलाई मकवानपुरले हरायो

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश क्रिकेट संघको आयोजनामा सञ्चालन भइरहेको प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगितामा मकवानपुरले चितवनलाई हराएको छ। चितवनको भरतपुर महानगर पालिका-१५ स्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा भएको समूह चरणको तेस्रो खेलमा मकवानपुरले चितवनलाई हराउँदै जीत निकालेको हो ।

शुक्रबार भएको प्रदेशस्तरीय छनोट प्रतियोगितामा मकवानपुरले चितवन जिल्ला क्रिकेट संघको टिमलाई ८ रनले पराजित गरेको छ। टस हारेर पहिले ब्याटिङ गरेको मकवानपुरले ४३ ओभरमा सबै विकेटको क्षतिमा २ सय ३६ रन बनाएको थियो ।

मकवानपुरका शुभ कंसकारले सर्वाधिक १ सय १३ रन बनाउँदै चितवनविरुद्ध शतक प्रहार गरेका थिए। सक्षम बस्ताकोटी र गौरव खड्काले समान ३०/३० रन बनाएका थिए। अशीम श्रेष्ठले १३ रन र टिम कप्तान सुमन सुनारले १२ रन बनाएका थिए। बलिङतर्फ चितवनका लागि गौतम केसीले सर्वाधिक ३ विकेट लिएका थिए । कृजन गुरुङ र संघर्ष पौड्यालले समान २/२ विकेट लिएका थिए। जवाफी ब्याटिङमा उत्रिएको चितवनले ४२ ओभर ४ बलमा २ सय २८ रन बनाउँदै अल आउट हुन पुगेको थियो। चितवनका लागि गौतम केसीले सर्वाधिक ४६ रन बनाएका थिए । प्रशान्त महतले ४२ रन बनाएका थिए । यस्तै, दीपेश श्रेष्ठले १४ रन, निकेश गुरुङले १२ रन र प्रतीक श्रेष्ठले पनि १२ रन बनाएका थिए । मकवानपुरका रामनरेश गिरीले सर्वाधिक ३ विकेट लिएका थिए । यस्तै, अशीम श्रेष्ठ, साकार गजुरेल र विशाल फुयालले समान २/२ विकेट लिएका थिए। खेलको म्यान अफ द म्याच मकवानपुरका शुभ कंसकार घोषित भएका छन् ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हार्दिक बधाई एवम् आभार

हेटौँडा उपमहानगरपालिकास्तरीय राष्ट्रति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई उत्कृष्ट नतीजासहित जिल्लास्तरीय प्रतियोगितामा सहभागी हुन सफल विद्यार्थी भाइबहिनीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै प्रतियोगितामा सहभागी विद्यालय, प्रतियोगिता आयोजनामा सहयोग गर्नुहुने निर्णायक, सहयोगी शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, नगर खेलकुद विकास समितिका पदाधिकारी सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै जिल्लास्तरीय प्रतियोगितामा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

राजाराम पोखरेल
प्रतियोगिता संयोजक

आधुनिक राष्ट्रिय मावि
प्रतियोगिता व्यवस्थापक विद्यालय

नगर खेलकुद विकास समिति
हेटौंडा उपमहानगरपालिका